खण्ड १

परिचय र आ.व. २०७४/७५ को समीक्षा

१. संक्षिप्त परिचय :

बझाङ जिल्लाको दक्षिण तथा पश्चिमी भागमा अवस्थित केदारस्यूँ गाउँपालिका जिल्लाको मुख्य सडकखण्डसँग जोडिएको गाउँपालिका हो । उच्च पहाडी जिल्लाको रुपमा रहेका बझाङ जिल्लाकै धरातलिय विशेषता झल्काउने यस गाउँपालिका साविकका रायल, बाँझ, भामचौर र भैरवनाथ ४ (चार) वटा गा.वि.स मिलेर बनेको छ । यो गाउँपालिका हालको संघीय संरचना अनुसार प्रदेश नं ७ अन्तर्गत पर्दछ । जिल्लाको कुल क्षेत्रफलको ३.३ प्रतिशत भुभाग ओगटने यस गाउँपालिकाको कुल क्षेत्रफल ११३.९१ वर्ग किमी रहेको छ । वडागत क्षेत्रफल अनुसार यस गाउँपालिकाको वडा नं. १ को क्षेत्रफल १५.४० वर्ग कि.मी. रहेको छ जुन कुल क्षेत्रफलको १३.६% रहेको छ । त्यसैगरी वडा नं. २ को क्षेत्रफल ४.४४ वर्ग कि.मी. (कुल क्षेत्रफलको ३.९%), वडा नं. ३ को क्षेत्रफल १३.७४ वर्ग कि.मी. (कुल क्षेत्रफलको १२.२%), वडा नं. ४ को क्षेत्रफल १५.७९. वर्ग कि.मी. (कुल क्षेत्रफलको १४%), वडा नं. ५ को क्षेत्रफल ११.९९ वर्ग कि.मी. (कुल क्षेत्रफलको १०.६%), वडा नं. ६ को क्षेत्रफल १५.९६ वर्ग कि.मी. (कुल क्षेत्रफलको १४.१%), वडा नं. ७ को क्षेत्रफल १३.८४. वर्ग कि.मी. (कुल क्षेत्रफलको १२.१%), वडा नं. ८ को क्षेत्रफल १४.८९. वर्ग कि.मी. (कुल क्षेत्रफलको १३.२%) र वडा नं. ९ को क्षेत्रफल ७.८३ वर्ग कि.मी. (कुल क्षेत्रफलको ६.९%), रहेको छ ।

श्रोतः स्थानीय तह पुनरसंरचना आयोगको प्रतिवेदन, २०७४

यस गाउँपालिका खुला दिशामुक्त, पूर्ण खोप र पुर्ण साक्षर गाउँपालिका घोषणा भइसेकेको छ । यहाँका अधिकांश जनता कृषि पेशामा संलग्न छन्, यसकारण मौसम अनुसारका हरियो तरकारी र धानबालीका लहलहाउँदा बालाहरुले यहाँको सौन्दर्यमा रौनक त थपिरहेकै हुन्छ । मनमोहक पहाडी दृष्यहरुले पर्यटन व्यवसायलाई समेत आकर्षक केन्द्रको रुपमा रहेको छ । हरित तरकारीको बगैचाको रुपमा परिचित यस गाउँपालिकामा हरियो साग सब्जीका अतिरिक्त प्रमुख बालिहरुमा धान, मकै, गहुँ, आलु, फापर, कोदो पर्दछन् । त्यस्तै फलफुल हरुमा आँप, केरा, सुन्तला, अम्बा, ओखर जस्ता फलहरु पाइन्छ । यहाँको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकास संभावनाहरुलाई देहाय बमोजिमका शिर्षकहरुमा व्याख्या गरिएको छ ।

१.१ भौगोलिक अवस्थिति

बझाङ जिल्लाको सवभन्दा होचो भुभागको रुपमा रहेको साविकको रायल गाविसको देउरा क्षेत्र यस गाउँपालिकाको केन्द्रको रुपमा रहेको छ । विश्व मानचित्रमा यसको उचाइ समुद्री सतहबाट ३००० फिटको उचाइमा रहेको छ । समग्रमा समुन्द्री सतहको १००० मिटर देखि ५१०० मिटर सम्मको उचाईमा रहेको केदारस्यूँ गाउँपालिका भौगोगिक अवस्थितिका हिसाबले २९ डिग्री २६ मिनेट उत्तरी अक्षांश र ८८ डिग्री ५१ मिनेट पुर्वी देशान्तरमा फैलिएको छ । यस गाउँपालिका बझाङ जिल्लाको जिल्ला सदरमुकाम चैनपुर देखि करीब ४० किमीको दुरीमा दक्षिण पश्चिम भागमा

रहेको छ । यस गाउँपालिकाको पूर्वमा दुर्गाथली ,पश्चिममा वित्थडचिर गाउँपालिका र दक्षिणमा थलारा गाउँपालिका र उत्तरमा बुंगल नगरपालिकासँग सिमाना जोडिएको छ ।

१.२ ऐतिहासिक चिनारी तथा नामाकरण

केदारस्यूँ गाउँपालिका ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक रुपले महत्वपूर्ण क्षेत्र हो । नामाकरण सन्दर्भमा गाउँपालिकाको नामाकरण साविकको बाँझ, भामचौर, भैरबनाथ र रायल गाविसको विच भागमा रहेको केदारको मन्दिर जसलाई महादेवको रुपमा स्थानीयहरुले पुजा गर्ने प्रचलन रहेको छ । त्यहि स्थानीय प्रख्यात मन्दिरको नामबाट नै यस गाउँपालिकाको नामाकरण गरिएको स्थानीयहरु बताउँछन् । साथसाथै केदार सँगै जोडीएर रहेको शब्द स्यूँ जसको अर्थ बस्ती भन्ने हुन्छ । केदारको काखमा रहेको बस्ती भन्ने अर्थमा यस गाउँपालिकाको नामाकरण रहन गएको हो ।

१.३ राजनीतिक अवस्थिति

प्रदेश नं ७ अन्तरगत रहेको बझाङ जिल्लामा अवस्थित केदारस्यूँ गाउँपालिका साविकका ४ गाविसहरु समावेश गरी बनेको हो र यो गाउँपालिका ९ वडाहरुमा विभाजित छ । जिल्लाको २ नगरपालिका र १० गाउँपालिका गरी १२ स्थानीय तहहरु मध्येको एक स्थानीय तह केदारस्यूँ गाउँपालिका हो । यस गाउँपालिकाको केन्द्र वडा नं १ अन्तर्गत साविकको रायल गाविसको देउरा भन्ने स्थानमा रहेको छ । संसदिय चुनावी प्रयोजनका लागि बझाङ जिल्लालाई २ निर्वाचन क्षेत्रमा विभाजन गरिए पनि पुर्नसंरचित अवस्थामा यस जिल्लालाई संघीय प्रतिनिधि चयनका लागि १ क्षेत्र तथा प्रादेशिक प्रतिनिधि चयनका लागि २ क्षेत्रमा विभक्त गरिएको छ ।

१.४ धरातलीय अवस्था

सुदुर पश्चिमको उच्च पहाडी जिल्ला अन्तरगत रहेको यस क्षेत्रमा धरातलिय स्वरुपका हिसाबले मिश्रित प्रकारको भु बनोट रहेको पाईन्छ । पूर्व पश्चिम भएर छेउबाटै भएर बग्ने सेती नदी र उत्तर दक्षिण भएर बग्ने कालंगा नदीको तटीय क्षेत्रमा रहेकासमथर भुभागहरु यहाँका धरातलीय स्वरुपका आकर्षणहरु हुन् । पहाडका विभिन्न काखमा रहेका खेतियोग्य भिराला जमिनहरु पनि देख्न सकिन्छ । ती बाहेक धेरैजसो भूभाग भिरालो र चट्टानी क्षेत्रले ओगटेको छ । अग्ला र भिराला पहाडी श्रृंखलाले बनेको यस गाउँपालिकामा भीरपाखा तथा समथर क्षेत्र सहितको विविधतायुक्त धरातलिय अवस्थिति रहेको छ ।

१.५ प्राकृतिक सम्पदा

गाउँपालिकाको कुल क्षेत्रको करीब ५५ प्रतिशत वनक्षेत्र, २५ प्रतिशत भुभाग खर्क वा चरण क्षेत्र र २० प्रतिशत जमिन खेतियोग्य रहेको छ । गाउँपालिकालाई मुलप्रवाह क्षेत्र बनाएर अविरल बगिरहने सेती नदि, कालंगा खोला, गण्डकी गाड, मौझेरी, घट्टेखोला, सुमरगाड, परमेलागाड, रतागाड, भौलीगाड, कोइरेली खोला, सेडीखोला, जोइलीगाड लगायत नदि तथा खोलाहरु यहाँको मुख्य प्राकृतिक सम्पदाहरु हुन् । सिंचाइको मुख्य श्रोतको रुपमा रहेको .सेती नदी

लगायत कालंगा नदि तथा खोलाबाट यस क्षेत्रको जमिनमा सिंचाइ सेवा उपलब्ध रहेको छ । जैविक विवधताका हिसावले उच्च पर्वतिय चिसो हावापानीमा पाइने जीव तथा वनस्पति दालचिनी, सल्ला, उतीस र अमला तथा मृग, बाँदर, भालु, डाँफे जस्ता वन्यजन्तु हरु मुख्य रुपमा रहेका छन् । जंगल क्षेत्रमा पाइन प्रमुख जडिबुटीका रुपमा पाखनबेद, सतुवा, पाँच औले आदि रहेका छन्

१.६ साँस्कृतिक उत्कृष्टता

खस सभ्यता र हिन्दु सँस्कृतिलाई आफ्नो सांस्कृतिक पहिचानको रुपमा अँगालेको यस क्षेत्रको मौलिक संस्कृति र परम्परागत चलनहरुको अनुपम संगम रहेको छ । क्षेत्री, ब्राम्हण, दलित जातीको मिश्रीत बसोवास रहेको यस गाउँपालिकामा मुख्य बोलिचालिको भाषा नेपाली रहेको छ । भने केहीले बझाङी भाषालाई नै आफ्नो स्थानीय भाषाको रुपमा प्रचलनमा ल्याएका छन् । धार्मिक रुपमा हिन्दु धर्मालम्बीहरुको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइले चाडपर्वहरुमा विशुमेला, दशैमेला, तिज, जनैपुर्णिमा, दशै, तिहार, माघे सक्रान्ती, चैते दशैं आदि रहेका छन् । धार्मिक तथा भाषिक रुपमा करिव एकरुपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने बिभिन्न क्रियाकलापहरुले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । भेषभुषाका रुपमा पुरुषहरुले मुख्य रुपमा दौरा, सुरवाल, टोपी तथा कोट र महिलाले गुन्यु चोली र पटुकी लगाउने गर्दछन् । यस गाउँपालिकाको वडा नं ५ मा रहेका केदारको मन्दिर, सिउकोट आदि यहाँको महत्वपूर्ण सांस्कृतिक सम्पदाहरु हुन् ।

क) सवल पक्ष :

कला, संस्कृति तथा पर्यटकीय दृष्टीले मनमोहक ऐतिहासिक धरोहरको रुपमा परिचित ७ नं. प्रदेश अन्तर्गत बझाङ्ग जिल्लामा अवस्थित यस गाउँपालिका वास्तवमा असीमित संभावना वोकेको सामरिक महत्वको गाउँ हो । यस गाउँक्षेत्र भित्रको साक्षरता दर प्रतिशत उच्च हुनु, विभिन्न क्षेत्रका विद्वान वर्गको वाक्लो उपस्थिति, पर्यटकीय गन्तव्य, गाउँक्षेत्र नदि किनारा बीचमा अवस्थित, पानी ढलका हिसावले डुवानमुक्त, खानेपानीको मुहान श्रोत, शैक्षिक, खेल तथा स्वास्थ्यका हिसावले केन्द्र, गाउँक्षेत्र भित्र यद्यपि कायम रहेका खुला क्षेत्रहरु, सार्वजनिक प्रति सरकारी जग्गाहरु, मल्लकालीन कला संस्कृति, पाटी पौवा, कुवा, चोक, मठ, मन्दिर, इनार, पोखरी यस गाउँ क्षेत्रमा अवस्थित भई असीमित संभावनाका लागि सवल पक्षहरु रहेका छन् । यस गाउँक्षेत्र भित्रको सामाजिक साँस्कृतिक सद्भाव, मेलमिलाप र भाइचारा, सामाजिक उत्तरदायित्वको भावना र सहकार्यको संस्कृति अर्को हाम्रो सवल पक्ष हो ।

ख) कमजोर पक्ष :

गाउँपालिका घोषणा भएपछि एक कार्यकाल मात्र निर्वाचित जनप्रतिनिधिको नेतृत्वमा गाउँपालिका सञ्चालन भयो । भौगोलिक विकटताका कारण सहरी विकास तथा पूर्वाधार विकासमा धेरै समय लाग्ने र खर्चिलो हुनु तथा हाल सम्म पनि संचारको क्षेत्र लगायत विजुली बत्ती सोलार प्रविधिमा मात्र सिमित हुनु यस गाउँ पालिकाको कमजोर पक्ष रहेको छ । २०५९ साल श्रावण १ गते देखि २०७४ साल वैशाख ३० सम्म स्थानीय निकायको निर्वाचन हुन नसक्दा अन्य स्थानीय निकाय जस्तै यस गाउँपालिकाले समेत निर्वाचित जनप्रतिनिधिबाट स्थानीय स्वायत्त शासनको अभ्यासलाई आत्मसाथ गर्न सकेन । निर्वाचित जनप्रतिधिको रिक्तताको अवस्थाले बनेका नीतिगत व्यवस्थाको कार्यान्वयनमा सुस्तता आउनुका साथै नवीन सोँचको सुधार योजनाले समेत मूर्तरुप लिन सकेन । यस्तो परिस्थितिले यस गाउँपालिका क्षेत्रमा गाउँ विकासको आधारभूत मापदण्डको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, गाउँ क्षेत्रका

सार्वजनिक पर्ति जग्गाहरुको प्रभावकारी व्यवस्थापन गर्दै वहुपक्षीय उपयोगमा ल्याउन नसक्नु, सुरक्षित, संरक्षित हरियाली क्षेत्र भनी तोकिएका क्षेत्रहरुमा विना योजना र स्वीकृति भौतिक संरचनाको निर्माण हुनु, गाउँपालिकाको स्वीकृत मापदण्ड अनुसार सडक, ढल, खानेपानी, विद्युत जस्ता विकासका पूर्वाधारहरुको वैज्ञानिक र समुचित व्यवस्थापन गर्न नसक्नु, गाउँपालिकको प्रशासकीय भवन, सामुदायिक भवन, सिटीहल तथा अन्य व्यवस्थित भौतिक पूर्वाधारको समय सापेक्ष व्यवस्था गर्न नसक्नु, गाउँपालिका क्षेत्रमा सुरक्षित र व्यवस्थित पार्किकस्थलको व्यवस्थापन गर्न नसक्नु र गाउँक्षेत्र भित्र उत्पादन हुने फोहोरको समुचित व्यवस्थापन गर्न नसक्नुलाई कमजोर पक्षको रुपमा पहिचान गरिएको छ । साथै, गाउँपालिकाबाट निर्माण भएको नीति, नियम र मापदण्डको कडाईका साथ सबैलाई समान व्यवहार हुने गरी कार्यान्वयन प्रक्रियामा लैजान नसकिनुका साथै गाउँ प्रहरीको व्यवस्था हुन नसक्नुलाई समेत थप कमजोर पक्षको रुपमा पहिचान गर्न सकिन्छ ।

ग) अवसर :

विगतमा स्थानीय निकायको रुपमा रहेको यस गाउँपालिका नयाँ संविधानको भावना र मर्म अनुरुप स्थानीय तहमा स्थापित भई निर्वाचित जनप्रतिनिधिबाट केदारस्यूँ गाउँपालिकामा गाउँ कार्यपालिका, गाउँ व्यवस्थापिका र न्यायिक समिति जस्ता स्थानीय सरकारका अवयभबाट संञ्चालन हुनु यो आफैमा ठुलो अवसर हो । राज्य शक्तिको वाँडफाँड, संविधानको अनुसूची ८ र ९ मा भएको व्यवस्था, नेपाल सरकारले गरेको कार्य विस्तृतीकरण र विषयगत मन्त्रालय तथा विभागका संयन्त्र, जनशक्ति र बजेट सहितको कार्यक्रम हस्तान्तरण भई आउनु यस गाउँपालिकाको समुचित विकास व्यवस्थापनको असल अभ्यासका लागि अर्को ठुलो अवसरको रुपमा रहेको छ । सिंहदरवारको राज्यशक्ति गाउँ सरकारमा मात्र आएको छैन, जिल्लाको सेवा गाउँपालिकामा र गाउँपालिकाको सेवा प्रवाह वडातहमा र विगतको वडा तहको सेवा जनताको घरदैलोसम्म पहुँच स्थापित गर्ने यो अर्को सुनौलो अवसर हामी सामु छ । गाउँ सभाबाट बन्ने ऐन, गाउँ कार्यपालिकाबाट बन्ने नीति, नियम, कार्यविधिबाट आम गाउँवासीको चाहना दिनमा चौविसै घण्टा, हप्तामा सातै दिन, संसारको जुन सुकै भूभाग वा स्थानमा रहेपनि विना लाईन प्रविधि मैत्री प्रक्रियाबाट जनअपेक्षा अनुसार आगामी दिनमा गाउँको सेवामा जनताको सरल, सहज, पारदर्शी र न्यायिक पहुँच स्थापनाको ढोका समेत खोलिएको छ । विगतमा निर्वाचित जनप्रतिनिधिको रिक्तताको अवस्थामा हुन नसकेका स्थानीय श्रोत परिचालन तथा व्यवस्थापन, सार्वजनिक पर्ति जग्गाको संरक्षण गर्दै वहु प्रयोगका साथै पर्यटकी गन्तव्यको रुपमा निर्माण गर्दै यस गाउँलाई देशकै सुन्दर, व्यवस्थित, सफा र संभावना वोकेको आधुनिक जीवन सुविधा सम्पन्न नमूना गाउँको रुपमा विकास व्यवस्थापन गर्दै अगाडि बढ्ने अवसर समेत हामी सामु आएको छ ।

घ) चुनौती :

संवैधानिक भावना र मर्म अनुरुप स्थानीय तहको सरकार आफैमा सवल र सक्षम हुन सक्दछ । तथापि विद्यमान परिस्थिति र परिवेशलाई मध्यनजर गर्दा यस केदारस्यूँ गाउँपालिका समक्ष समेत गाउँलाई अपेक्षित नतिजातर्फ उन्मुख गराउदै गर्दा अनेकौ चुनौतीहरुको सामना गर्नु पर्नेछ । गाउँ विकासका सम्वन्धमा आम नागरिकबाट प्राप्त योजनाहरुको व्यवस्थापनका लागि वित्तीय श्रोतको परिचालन, कार्यवोझ अनुरुप नेपाल सरकारबाट प्राप्त हुने न्यून वित्तीय समानीकरण अनुदान, सेवा प्रवाहका लागि कार्य प्रकृति अनुरुप गाउँ पालिकाको आफ्नै भवन तथा अन्य प्रशासकीय भौतिक संरचनाको कमजोर अवस्था, कार्यरत जनशक्तिको क्षमता र विज्ञता, विषयगत मन्त्रालय तथा विभागबाट प्राप्त हुने कार्यक्रम र बजेटको नतिजामुलक कार्यसम्पादन, प्राप्त अधिकार र कार्यक्षेत्र अनुरुप कार्य गर्ने संस्कृति, जनताको बढ्दो माग र अपेक्षाको उचित सम्वोधन, निर्वाचित जनप्रतिनिधि, कर्मचारी र जनता बीचको त्रिपक्षीय उत्तरदायित्व निर्वाहको अवस्था जस्ता वहुआयामिक पक्षहरु गाउँ सरकारको सुशासन, विकास र प्रभावकारी सेवा व्यवस्थापनका क्षेत्रमा देखा पर्ने चुनौतीहरु हुन् । फोहरमैला व्यवस्थापनका लागि ढुवानी साधन, ट्रान्सफर स्टेशन

र ल्याण्डफिलसाईटको अभाव, अव्यवस्थित बसोबास शहरी विकास अवधारणा अनुरुप कार्य गर्न कठिनाई, गाउँपालिका भित्रका सुरक्षित क्षेत्रमा गाउँपालिकाको स्वीकृत बिना घर निर्माण कार्यमा तीव्रता र ती घरको व्यवस्थापनमा कठिनाई, भु- उपयोग नक्शाको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, ढल व्यवस्थापन, अधुरा योजना र पुरानो पेश्की वेरुजुको परिमाण अधिक, सार्वजनिक पर्ति जग्गामा अनधिकृत अतिक्रमण, नदिमाथि भू-माफियाको चलखेललाई कानूनी दायरामा ल्याउने जस्ता कठिनाई यस गाउँको समुचित विकास व्यवस्थापनका लागि थप चुनौतीहरु रहेका छन् ।

१.७ चालू आ.व.२०७४।७५ को नीति तथा कार्यक्रमको समिक्षा

केदारस्यूँ गाउँपालिकाको पहिलो गाउँसभाबाट आर्थिक वर्ष २०७४/७५ मा आन्तरिक राजश्व तर्फ १८ लाख ५० हजार अनुमान गरिएको जम्मा अनुमानित ६ लाख ५० हजार मात्र आन्तरिक आय देखिन आएकोले राजश्व संकलन अनुमानित भन्दा कम देखिएको छ । अन्तर सरकारी वित्तिय हस्तान्तरण तर्फ ३२ करोड ७६ लाख ४ हजार रुपैयाँ नेपाल सरकारबाट प्राप्त हुन आएकोमा २५% चालु तर्फ विनियोजित गरी बाँकी ७५% पुँजीगत तर्फ विनियोजन गरी कार्य संचालनमा ल्याईएको थियो । सामाजिक सुरक्षा तर्फ अुनमानित ४ करोड ९६ लाख रुपैयाँ छुट्याइएको रकम केन्द्रीय विभागबाट निकासाको लागि माग गरी सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ । त्यसैगरी गत आ.व. २०७३।७४ बाट अ.ल्या. भई आएको रु.५६ लाख ३६ हजार समावेश गरी कार्यक्रम संचालनमा ल्याइएको थियो । विभिन्न गैर सरकारी संस्थाहरुबाट प्रवर्द्धनात्मक कार्यक्रमहरुको लागि प्राप्त अनुदान तर्फ ७० लाख २२ हजार रुपैयाँ सम्बन्धित विभिन्न कार्यक्रमहरुमा सम्पन्न गरियो ।

नेपाल सरकारबाट प्राप्त थप अनुदान र बचत, आन्तरिक श्रोतको बजेटबाट गाउँपालिका क्षेत्र भित्र आम नागरिकबाट माग भई आएको महत्वपूर्ण र आवश्यक योजनाहरुको पहिचानका साथ गाउँपालिकाको वोर्ड बैठकको निर्णयबाट समेत थप आयोजना तथा कार्यक्रम स्वीकृत गरी आर्थिक वर्ष २०७४/७५ मा कार्य भएको छ । गाउँ कार्यपालिका निर्णय बमोजिम संशोधन भएका कार्यक्रमहरु गाउँ सभाबाट पारित गरी संचालनमा ल्याइएको थियो । २०७४ साल आषाढ १४ गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुले २०७४ साल आषाढ २२ गते पदवहाली गरेपछि जनताको तत्कालको आवश्यकताको सम्वोधन र निर्वाचित जनप्रतिनिधिहरुको कार्यकक्ष व्यवस्थापन, कार्यालय सामाग्रीहरुको व्यवस्था तथा अन्य विविध जनसरोकारका कार्यमा नेपाल सरकारबाट प्राप्त थप रकमबाट श्रोत व्यहोर्ने गरी कार्य भएको छ ।

आर्थिक वर्ष २०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत योजना तथा कार्यक्रम सञ्चालन गर्न आम उपभोक्ता मार्फत कार्य गर्न उच्च प्राथमिकता प्रदान गरियो । योजना तथा कार्यक्रम सञ्चालन गर्दा आम उपभोक्ताको स्वामित्व वोध र दिगोपनाका लागि न्यूनतम १५ प्रतिशत नगद लागत सहभागिताको अभ्यास गरियो । नगद लागत सहभागिता हुन नसक्ने सार्वजनिक प्रकृतिको कार्यका लागि श्रम सहभागिताको अभ्यासलाई समेत कार्यान्वयन गरियो । सम्पन्न सबै योजना तथा कार्यक्रममा अनुगमन गर्ने, सार्वजनिक परीक्षण र सञ्चालित कार्यको फोटो समावेश गरी भुक्तानी गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखियो ।

क) आर्थिक क्षेत्र

आर्थिक क्षेत्र अन्तर्गत चालू आर्थिक वर्ष २०७४।७५ मा कृषि विकास सम्बन्धी कार्यक्रमहरुको लागि विनियोजिन सशर्त समेत गरी करिब ५० लाख ५० हजार रुपैयाँ विनियोजित भएकोमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यक्रममा फलफुल ब्लक विकास कार्यक्रम अन्तर्गत वडा नं. ८ मा एक (१) वटा सिचाई पोखरी र कृषि तालिम केन्द्र तथा स्टोर घरका लागि ३ कोठे भवन निर्माण कार्य सम्पन्न भएको छ । साथै तरकारी पकेट क्षेत्र निर्माण गरी वडा नं. १, ४ र ९ मा तरकारी पकेट सम्बन्धी कार्यक्रम संचालन गरिएको, विभिन्न ठाउँहरुमा सिचाई पोखरी तथा

सिंचाई कुलोको निर्माण तथा मर्मत सम्भार गरिएको, कृषिजन्य मेसिनरी औजार वितरण, वडा नं. २ मा आठ (८) वटा प्लाष्टिक घर निर्माण, तरकारीको विउँ विजन वितरण, तरकारी तथा मसलावाली सम्बन्धी तालिम सम्पन्न गरिएको, खेतकुचामा मौरीपालनका लागि मौरीका घार वितरण गरेको, हिउँदे तथा वर्षे फलफुलका विरुवाहरु जस्तै ओखर, आपँ, लिचि, कागति, मौसम, अमिला सुन्तला आदि वडा नं. ६, ८ र ९ मा वितरण कार्य सम्पन्न भएको छ । माटो परीक्षण कार्यक्रमका लागि बजेट विनियोजन भएतापनि विविध कारणवस कार्यक्रम सम्पन्न हुन सकेको छैन । सुकानौला, सीराडी, धामी गाउँ र लौतुमा प्लाष्टिक टनेल निर्माणका साथै थोपा सिचाई जडान गरीएको छ ।

आर्थिक विकास अन्तर्गत यस गाउँपालिकाले पशु सम्बन्धी कार्यक्रममा सशर्त तर्फ करिव १७ लाख १ सय रुपैयाँ विनियोजन गरिएकोमा केदारस्यूँ गाउँपालिकाले पशु स्वास्थ्य नियमन तथा पशु सेवा प्रसार कार्यक्रम अन्तर्गत पशु औषधि खरीद गरिएको, वडा नं. ३ र ५ मा पशुपालन सम्बन्धि तालिम सञ्चालन, समुह गठन तथा परिचालन सम्बन्धी कार्य गरिएको, पशु नश्ल सुधार कार्याक्रमका लागि उन्नत जातको ७ वटा जमुना पारी विटल क्रस जातको वोका खरीद गरी वितरण कार्य गरिएको, साथै एक (१) वटा राँगो वडा नं. ५ मा वितरण गरिएको, अन्य पशु सम्बन्धि सामग्रीहरुमा वडिजो कास्टेटर ६ थान खरीद गरी वितरण कार्य सम्पन्न गरिएको छ ।

आर्थिक क्षेत्र अन्तर्गत आवश्यक कृषि तर्फको पूर्वाधार विकासमा यस गाउँपालिकाले करीब ६५ लाख ९५ हजार बजेत विनियोजन गरिएकोमा यस गाउँपालिका विभिन्न वडाहरुमा पर्ने सिंचाई पोखरी, नहर, कुलो (घट्टे कुलो) तथा कल्भर्ट मर्मत तथा निर्माण कार्य सम्पन्न भएको अवस्था छ ।

ख) सामाजिक क्षेत्र

चालू आर्थिक वर्ष २०७४।७५ मा सामाजिक क्षेत्र तर्फ शिक्षा क्षेत्रमा संशोधित २ करोड ८६ लाख ५० हजार रुपैयाँ छुट्याईको थियो । जस अन्तर्गत यस केदारस्यूँ गाउँपालिकामा रहेका विभिन्न ५० वटा विद्यालयहरुको भवन निर्माण, मर्मत संभार तथा घेरबार, विद्यालयमा खानेपानीको व्यवस्था, शौचालय निर्माण, फर्निचर र शैक्षिक सुधारका लागि विद्यालयहरुमा कम्प्युटर खरीद तथा वितरण कार्यक्रम गरिएको थियो । सोलार बत्तीको जडान गरी सुचना प्रविधिको समेत विकास गरी शिक्षा क्षेत्रको सदृढीकरणमा केही टेवा पुगेको अवस्था छ ।

यस गाउँपालिकाले यस चालू आ.व.मा संशोधित १० (दश) लाख रुपैयाँ छुट्याइएको यस गाउँपालिकाका विभिन्न स्थानमा पोषण कार्यक्रमहरु संचालन गरिएको, सामुदायिक स्वस्थ्य इकाई उपकरण तथा सामग्री खरिद गरिएको तथा स्वास्थ्य चौकी झोतामा घेरबार निर्माण तथा बर्थिङ सेन्टर व्यवस्थापनमा खर्च गरिएको छ ।

खानेपानी तथा सरसफाई अन्तर्गत यस गाउँपालिकाका विभिन्न ९ वटा वडा कार्यालयहरुको ३५ वटा कार्यक्रमहरुलाई १ करोड २९ लाख ३०,००० हजार रुपैयाँ विनियोजन गरिएकोमा खानेपानी वितरण प्रणाली अन्तर्गत खानेपानी ट्यांकीको निर्माण, मर्मत, पाईप मर्मत तथा धारा निर्माण भएको अवस्था छ ।

संस्कृति प्रवर्द्धन तर्फ यस गाउँपालिका अन्तर्गत पर्ने विभिन्न स्थानका मन्दिरहरुको मर्मत संभारका लागि २० लाख ५० हजार रुपैयाँ विनियोजन गरिएकोमा वडा नं. १ मा अवस्थित चौडाला, चौतारा तथा बेताल मन्दिर निर्माण गरिएको, वडा नं. २ अन्तर्गत पर्ने भाडी मन्दिर, भगवती मन्दिर, कालिका मन्दिर, ओखड गाउँ नमादेव निर्माण मन्दिर निर्माण भएको र नमादेव मन्दिरको वरिपरि घेरबार लगाउने काम सम्पन्न भयो । त्यस्तै यस गाउँ पालिका अन्तर्गत पर्ने केदार मन्दिरलाई धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकासका लागि गुरुयोजना तयार गर्ने योजना रहेतापनि विविध कारणले गर्दा उक्त कार्य सम्पन्न हुन सकेको छैन भने वडा नं. ३ को नमादेव मन्दिर मैतोलि निर्माण तथा वडा नं. ४ मा अवस्थित सैन्सु मन्दिरको निर्माण कार्य सम्पन्न भयो ।

खेलकुद तथा मनोरञ्जनको साथै लैंगिक समानता तथा समावेशीकरण तर्फ यस चालू आर्थिक वर्षमा ६९ लाख रुपैयाँ बजेट विनियोजन गरी युवा, महिला, बालबालिका तथा दलित जन समुदायलाई लक्षित गरी शशक्तिकरण कार्यक्रम

संचालन गरिएको, दलित सामुदायिक संस्थाको भवन निर्माण गरिएको, महिला सिलाई कटाई तालिम सम्पन्न गरिएको, विभिन्न सामुदायिक भवन मर्मत संभार गरिएको, दलित बस्तीमा आरन र सिलाई कटाई तालिम संचालन गरिएको, दलित तथा महिलाहरुको लागि भवन निर्माण गरिएको तथा दलित युवाहरुलाई प्राविधिक सीपमुलक तालिम अन्तर्गत कम्प्युटर तालिम संचालन छ ।

ग) पूर्वाधार क्षेत्र

चालू आर्थिक वर्ष २०७४।७५ मा भौतिक पूर्वाधार क्षेत्र तर्फ कृषि क्षेत्र तर्फको सिंचाईसमेत गरी करीब ५ करोड ७९ लाख २५ हजार रुपैयाँ छुट्याइएकोमा विभिन्न वडा कार्यालयहरुबाट प्राथमिकताका साथ छनौट भएका विभिन्न पूर्वाधार क्षेत्र विकासका कार्यक्रमहरुको सम्पन्न भएको अवस्था छ । केदारस्यूँ गाउँपालिका वडा नं. २ कालढुङ्गा कोटीगाउँ ओखडगाउँ देखी केदार जोड्ने सडक निर्माण, वडा नं. ३ तर्फ गडी गाउँखोला कल्भर्ट निर्माण सम्पन्न भएको तथा सोही वडाको सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण सम्पन्न भएको अवस्था छ । त्यसैगरी वडा नं. ४ तर्फ बागथला देखि भामचौर ग्रामिण सडक निर्माण, बागथला देखि बखेत सडक निर्माण कार्य क्रमागत रुपमा संचालन हुँदै आएको अवस्था छ भने बागथला देखि सुदडा बाटो निर्माण, बागथला धुलारी देखि तिवारी गाउँ सम्मको बाटो निर्माण सम्पन्न भएको अवस्था छ । यस गाउँपालिकाको वडा नं. ५ तर्फ वडा कार्यालयको भवन निर्माण सम्पन्न हुनुको साथै रिठाली खोला लघु जलविद्युत निर्माण सम्पन्न भएको अवस्था छ । वडा नं. ६ अन्तर्गत पर्ने हुलाक कार्यालयको मर्मत संभार गरिएको, सडक निर्माण तर्फ बागथला देखि भाटसैन सडकको डि.पी.आर.तयार भई निर्माणाधिन अवस्था रहेको छ । विनडा-भाटसैन घोरेटो बाटोको निर्माण, थापा गाउँ घट्टेल्वारमा कल्भर्ट र बाटो निर्माण, रोतागडा-भाटसैन जाने घोडेटो बाटो निर्माण, गैरा घट्टेकुलो कल्भर्ट निर्माण तथा मालपोत देखि केदार विद्यालय जाने बाटो मर्मत संभार सम्पन्न भएको अवस्था छ ।

त्यसैगरी वडा नं. ७ अन्तर्गत बागथला - भामचौर सडक निर्माण (खण्ड ख), काँडा चौर देखि खिकरी बाटो निर्माण सम्पन्न भएको छ भने बुँगल न.पा देखी भामचौर पातीहल्ला सम्मको सडकको डि.पी.आर. तयार भई निर्माणाधिन अवस्था रहेको छ । सोही वडाको काँडाचौर देखि बुंगल नगरपालिका सम्मको घोडेटो बाटो निर्माण, पातीहल्ला देखि सुङ्गरे सम्म बाटो निर्माण सम्पन्न भएको अवस्था छ ।

वडा नं. ८ तर्फको ढोडेखेत देखि गण्डकी बजार सम्मको सडक निर्माण क्रमागत रुपमा संचालन हुँदै आएको र विभिन्न खोलाहरुमा कल्भर्ट निर्माण, सिराडी देखि ८ नं. को वडा कार्यालय जाने सम्मको गोरेटो बाटो निर्माण सम्पन्न भएको अवस्था छ ।

वडा नं. ९ तर्फ सेकुनौलाघर बाटो मर्मत, ज्याडा गल्लेख थाला कुलीभान विनाडा बाटो मर्मत संभार, पारिगडा देखि खोला सडक सम्म जाने बाटो मर्मत तथा सुधारको कार्य सम्पन्न गरिएको छ ।

घ) वातावरण तथा विपद व्यवस्थापन

चालू आर्थिक वर्ष २०७४।७५ मा वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ करीब ६४ लाख ५० हजार रुपैयाँ विनियोजन गरिएकोमा केदारस्यूँ गाउँपालिका वडा नं. १ स्थित बेताल मा.वि. बचाउ तटबन्धनको निर्माण सम्पन्न, देउरा दलितबस्ती तटबन्धन निर्माण (सेती), राजा तटबन्धन निर्माण, कानद्वाल तटबन्धन निर्माण, जुवालीखेत तटबन्धन निर्माण सम्पन्न भएको अवस्था छ । त्यसैगरी वडा नं. २ मा बजुवा तटबन्धन निर्माण सम्पन्न भएको छ ।

त्यसैगरी केदारस्यूँ वडा नं. ६ अन्तर्गत रोतागडा खोला नियन्त्रण सम्पन्न भएको छ भने वडा नं. ७ मा अन्तर्गत हदलेखाली तटबन्ध तथा बाटो निर्माणको कार्य सम्पन्न भएको छ ।

केदारस्यूँ वडा नं. ८ मा कैलाश माध्यामिक विद्यायल लोतुको फिल्ड निर्माण तथा घेरबार कार्य सम्पन्न भएको अवस्था छ । त्यसैगरी वडा नं. ९ तर्फ जुइलीगाड मोहरादेखी धाउधुना तटबन्धन, सेकुवाबाढी ग्रस्त दलित बस्तीमा जस्ता पाता खरीद गरी वितरण गरिएको छ भने कैलाश प्राथमिक विद्यालयको जग्गा खरीद कार्य सम्पन्न भएको अवस्था छ ।

कृषि क्षेत्र अन्तर्गत भौतिक पूवार्धार तर्फ सम्पन्न कार्यक्रमको सिंचाई तर्फ करीब ३६ वटा योजना सम्पन्न भई करिब ९ किलोमिटरको हाराहारीमा सिंचाई कुलो निर्माण सम्पन्न भएको छ ।

ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ यस चालू आर्थिक वर्षमा केदारस्यूँ गाउँपालिकाले विनियोजन गरिएको करीब ४४ लाख ५० हजार रुपैयाँ मध्ये कार्यालय व्यवस्थापन अन्तर्गत गाउँपालिका तथा यसका विभिन्न वडाहरुको लागि आवश्यक पर्ने फर्निचर तथा मसलन्द सामानहरुको खरीद गर्नुका साथै कार्यालयलाई प्रविधि मैत्री बनाउन कम्प्युटर तथा प्रिन्टरहरुको खरीद गरिएको छ । स्वास्थ्य क्षेत्र तर्फ सेवा प्रवाहको लागि आयुर्वेदिक औषधीहरुको खरीद तथा भवन मर्मत गरिएको छ । गाउँपालिकामा सुरक्षा संयन्त्रलाई मजबुद बनाउनको लागि प्रहरी चौकीको लागि फर्निचरका सामानहरुको खरीद गरिएको छ भने बझाङदिप क्याम्पस झोतामा क्याम्पस संचालनको लागि अनुदान दिइएको अवस्था छ । गाउँपालिकाबाट विभिन्न स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधीहरुको खरिद गरी स्वास्थ्य कार्यालय तथा स्वास्थ्य चौकीहरुलाई वितरणको कार्य भएको अवस्था छ । गाउँपालिकालाई प्रविधि मैत्री बनाउन कम्प्युटर प्रविधीको प्रयोगमा जोड दिइएको छ भने सुशासन अन्तर्गत अभिलेख व्यवस्थापनलाई चुस्त र दुरुष्त बनाइएको अवस्था छ ।

खण्ड २

आ.व. २०७५/७६ को

नीति, बजेट तथा कार्यक्रम

यस गाउँ सभाका अध्यक्ष महोदय,

२.१ सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले निर्वाचित गरेका केदारस्यूँ गाउँपालिकाको स्थानीय सरकारको यस गरिमामय ऐतिहासिक गाउँ सभा समक्ष आर्थिक वर्ष २०७५/७६ का लागि नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु । आज असार २७ गते हाम्रो लागि एक महत्वपूर्ण ऐतिहासिक दिन वन्नेछ । नेपालको न्याय, समानता, स्वाधीनता, स्वतन्त्रता र समृद्धि प्राप्तिका आन्दोलनहरुमा योगदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

२.२ संविधानको प्रावधान बमोजिम विगतको स्थानीय निकायबाट स्थानीय तहको सरकारमा रुपान्तरण हुँदै गर्दा हामी नेपालको इतिहासमा नयाँ युगमा प्रवेश गरेका छौं । संविधान मार्फत स्थानीय तह राजनैतिक अधिकार सहित संस्थागत गर्न सफल भएका छौं । सबै प्रकारको विभेद र असमानताको अन्त्य गर्दै न्यायपूर्ण सामाजिक समावेशीकरणको मूल्य र मान्यतालाई स्थापित गर्दै सबैलाई समान अधिकार, समान अवसर र समान मर्यादा प्रदान गरेको कुरा यस सभाको वनौटले समेत पुष्टी गरेको छ । स्थानीय तहको सरकारको रुपमा आगामी दिनमा संविधानको परिकल्पना अनुरुप सामाजिक न्याय र समाजवादको लक्ष्यमा पुग्न यस गाउँलाई जीवन्त आर्थिक समृद्धिको केन्द्रको रुपमा स्थापित गर्नु पर्नेछ । अवको हाम्रो मुद्धा भनेको **प्राकृतिक श्रोत व्यवस्थापन, व्यावसायीक कृषी, पर्यटन र सहकारी समृद्ध गाउँपालिका निर्माणको लागि युवा स्वरोजगारी विषयक दीर्घकालीन आय आर्जन योजनाको** मूल मन्त्रलाई आत्मसाथ गर्दै वर्तमान सरकारको **"समृद्ध नेपाल, सुखी नेपाली"** बनाउने दीर्घकालीन उद्देश्य हासिल गर्नमा सहयोग पुऱ्याउँदै यस गाउँ क्षेत्रलाई एक नमूना, समृद्ध, व्यवस्थित, सुविधा सम्पन्न, प्रविधि मैत्री, बैज्ञानिक र सुन्दर जीवन्त शहरको रुपमा स्थापित गर्नु हुनेछ ।

२.३ आगामी दिनको मूल मुद्धा भनेको संविधानले दिएको अधिकार भित्र केदारस्यूँ गाउँपालिकालाई स्थानीय तहको सरकारको रुपमा क्रियाशील बनाउदै आर्थिक र सामाजिक विकास गर्न स्वरोजगारीमा वृद्धी, सार्वजनिक सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने, कृषि, शिक्षा, स्वास्थ्य र खानेपानीमा जनसमुदायको पहुँच विषयमा उच्च प्राथमिकता प्रदान गर्नु हुनेछ । संविधानको भावना अनुरुप स्थानीय तहका कानूनहरुको निर्माण गरी गाउँलाई आर्थिक रुपमा समृद्ध बनाउन विकास र सुशासनका कार्यक्रमहरुको सुप्रवन्ध गर्नु हामी सबैको साझा मान्यता हुनेछ ।

२.४ यस गाउँपालिकाको पहिलो गाउँसभाबाट आर्थिक वर्ष २०७४/७५ मा आन्तरिक राजश्व तर्फ १८ लाख ५९ हजार अनुमान गरिएको जम्मा करीब ७ लाख मात्र आन्तरिक आय देखिन आएकोले राजश्व संकलन अनुमानित भन्दा कम देखिएको छ । चालु आर्थिक वर्ष २०७४।७५ मा अन्तर सरकारी वित्तिय हस्तान्तरण तर्फ ३२ करोड ६७ लाख ५४ हजार रुपैयाँ नेपाल सरकारबाट प्राप्त हुन आएकोमा २५% चालु तर्फ विनियोजित गरी बाँकी ७५% पुँजीगत तर्फ विनियोजन गरिएको र गत आ.व.२०७३।७४ बाट संचित रु. ५६ लाख ३६ हजार समेत पूँजीगत योजनाहरुमा बाँडफाँड गरी खर्च भएको अवस्था छ । सामाजिक सुरक्षा तर्फ ४ करोड ९६ लाख ५७ हजार रुपैयाँ निकासा भई वितरणका लागि सम्बन्धित वडा सचिव मार्फत भुक्तानी गरिएको छ । वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत रु. १२ लाख १९ हजार निकास भई विभिन्न विषयगत शाखा मार्फत

कृषी, पशु, शिक्षा र स्वास्थ्य मार्फत निकास भई खर्च भएको अवस्था छ । ग्रामिण पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ३४ लाख ६७ हजार निकास प्राप्त भएकोमा रु. ३४ लाख ५९ हजार खर्च भएको छ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालू तर्फ रु. ५ लाख १९ हजार विनियोजन भएकोमा ५ लाख ३९ हजार ५ सय ३१ खर्च भई रु. २० हजार ५ सय ३१ रुपैया अपुग भई चालु खर्चबाट भुक्तानी गरिएको छ ।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत पूँजीगत तर्फ भौतिक व्यवस्थापनमा रु. ६ लाख निकासा प्राप्त भएकोमा सबै रकम खर्च भएको अवस्था छ ।

आ.व.२०७४।०७५ मा केन्द्र सरकारबाट सबै शिर्षकमा गरी ३८ करोड २२ लाख १६ हजार अख्तियारी प्राप्त भएकोमा मिति २०७५ आषाढ २५ गते सम्मको यथार्थ खर्च ३५ करोड ४० लाख ६४ हजार ६ सय खर्च भएकोमा सशर्त बाहेकको अन्य रकम खर्च हुने अनुमान गरिएको छ ।

आ.वं २०७४/७५ मा सम्पन्न भौतिक पूवार्धार तर्फ सम्पन्न कार्यक्रमको सिंचाई तर्फ करीब ३६ वटा संख्यामा कार्यक्रम सम्पन्न भई करिब ९ किलोमिटरको हाराहारीमा सिंचाई कुलो निर्माण सम्पन्न भएको छ ।

खानेपानी तर्फ निर्माण तथा मर्मत गरी २८ वटा कार्यक्रम सम्पन्न गरिएको, विद्यालय तर्फ ५० वटा भवन निर्माण तथा मर्मत कार्य सम्पन्न गरिएको, मठ मन्दिर तर्फ २८ वटा कार्यक्रम गरी निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ ।

त्यस्तै गरी ग्याविन तटबन्धन तर्फ ९ वटा कार्यक्रमहरु सम्पन्न भएको, अन्य योजनाहरुमा घोडेटो बाटो, दलित भवन, सिंचाई पोखरी, कल्भर्ट, काठेपुल जस्ता ७९ वटा कार्यक्रमहरु सम्पन्न भएको अवस्था छ ।

ग्रामिण सडक तर्फ बागथला बखेत भाडसैन ग्रामिण सडकमा ४.६ किलोमिटर, बागथला कोटिगाउँ ग्रामिण सडक २ किलोमिटर, वागथला सुदाडा भामचौर ग्रामिण सडक १.५ किलोमिटर, ढोडेखेत गण्डकी ग्रामिण सडक ४.५ किलोमिटर र ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम (RCIW) को विनियोजित बजेटबाट भामचौर ग्रामिण सडक १.२ किलोमिटरको सडकहरुको निर्माण कार्य भई करीब १३.८ किलोमिटर सडक यस आर्थिक वर्षमा सम्पन्न भई क्रमागत रुपमा संचालन हुँदै आएको अवस्था छ ।

तत्कालीन स्थानीय निकायबाट यस केदारस्यूँ गाउँपालिका, स्थानीय तहको रुपमा रुपान्तरण भई प्रथम गाउँ सभा समक्ष पेश गरिएको वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको भावना र मर्म, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट उपलब्ध गराइएको नमूना स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी गरिएको स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ लाई मूल आधार मानिएको थियो ।

गाउँ सभाका अध्यक्ष महोदय,

२.५ हिमाली विकट जिल्लामा रहेको यस केदारस्युँ गाउँपालिकामा आर्थिक गतिविधिले गति लिन नसकेको र जनतामा कर तिर्ने बानीको विकास भैनसकेको अवस्थाले चालु आ.व.मा अपेक्षा गरे अनुरुप राजश्व संकलन हुन नसकेतापनि आगामी आर्थिक वर्ष २०७५।७६ मा जनतामा कर तिर्ने बानीको विकास गराई रु. २० लाख सम्म कर राजस्व आर्जन गर्ने लक्ष्य रहेको छ । यसको लागि यस क्षेत्रमा उपलब्ध स्थानीय श्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक गतिविधिमा वृद्धि गरिनेछ, व्यापारिक गतिविधिमा वृद्धि गरिनेछ, करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, राजस्व चुहावटलाई नियन्त्रण गरिनेछ ।

सोंच

२.६ केदारस्यूँ गाउँपालिकाका जनसमुदायहरुको आधारभूत आवश्यकताहरु पुरा गर्दा बिशिष्ट पहिचान सहितको विकसित, सुरक्षित, प्रतिष्ठित, एक सुन्दर र जीवन्त गाउँपालिका बनाउनु यो गाउँपालिको दीर्घकालीन सोंच (Vision) रहेको छ ।

लक्ष्य

२.७ केदारस्यूँ गाउँपालिकामा परम्परागत रुपमा चल्दै आएका जात्रा, पर्व, नाच, बाजा गाजा, भाषा, कला, भेष, भुषा, संस्कृति लगायतका अभौतिक र परम्परागत शैलीका मठ, मन्दिर, पाटी, पौवा, बस्ती, भौतिक सम्पदाहरुलाई संरक्षण, संबर्द्धन र प्रवर्द्धन गर्दै पर्यटनको विकास गरिनेछ । पर्यटन विकास कै लागि आधुनिक शैलीको नमूना संरचना निर्माण गर्ने परिकल्पना गरिएको छ । गाउँपालिका क्षेत्रमा रहेका शिक्षा सम्वन्धी संघ संस्थासँगको सहकार्यमा केदारस्यूँ गाउँलाई शैक्षिक गन्तब्यको रुपमा विकास गरिनेछ । कृषि एवम् साना घरेलु उद्योग, रोजगारीमूलक ब्यवसायलाई बढावा दिईनेछ । सुरक्षित र गतिशील आर्थिक विकास केन्द्रको रुपमा गाउँ विकास गरिनेछ ।

उद्देश्य

२.८ केदारस्यूँ गाउँपालिकाको मूल उद्देश्य जनसमुदायहरुका आधारभूत आवश्यकता पुरा गर्दै आर्थिक र शैक्षिक क्षेत्रमा सवल र सशक्त बनाई गाउँको समग्र भौतिक विकास निर्माण गर्दै यो गाउँ समृद्ध र सुन्दर पार्ने रहेको छ । गाउँपालिकाको सबै योजना र कार्यक्रमहरुले गाउँलाई सम्बृद्ध बनाउने, केदारस्यूँ गाउँलाई आर्थिक रुपमा सबल, शैक्षिक रुपमा सजग र शिक्षित, प्रशासनिक रुपमा सशक्त, पारदर्शी र प्रभावकारी बनाउने, भौतिक सुविधामा सहज र सम्पन्न, जनस्वास्थ्यको दृष्टिले स्वस्थ, पर्यावरण मैत्री बनाउने र अबको विकास लागि विकासलागि मात्र हैन, समृद्धिका लागि विकाश गर्ने थप उद्देश्यहरु लिइएको छ ।

अपेक्षित उपलब्धी:

२.९ **प्राकृतिक श्रोत व्यवस्थापन, व्यावसायीक कृषी, पर्यटन र सहकारी समृद्ध गाउँपालिका निर्माणको लागि युवा स्वरोजगारी विषयक दीर्घकालीन आय आर्जन योजनाको** मूल मन्त्रलाई आत्मसाथ गर्दै यस गाउँ क्षेत्रलाई एक नमूना, समृद्ध, ब्यवस्थित, सुविधा सम्पन्न, प्रविधि मैत्री, बैज्ञानिक र सुन्दर जीवन्त शहरको रुपमा स्थापित भएको हुनेछ ।

वार्षिक बजेट कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु:

२.१० मैले बजेटमा कार्यक्रमहरु प्रस्ताव गर्दा नेपालको संविधानमा उल्लेख भएका मौलिकहकहरु, राज्यका निर्देशक सिद्धान्तहरु, यस सभामा पेश हुने विनियोजन ऐन, आर्थिक ऐनका सिद्धान्तहरु, राजश्व परामर्श समितिको प्रतिवेदन, श्रोत अनुमान र कुल बजेटको सीमा निर्धारण समितिको प्रतिवेदन लगायत वडा भेलाका क्रममा आम गाउँवासी नागरिकहरुबाट प्राप्त राय, सल्लाह र सुझाव तथा वडा समितिले प्राथमिकीकरण गरेका योजना तथा कार्यक्रमलाई मार्ग दर्शनका रुपमा लिएको छु । साविकमा दोस्रो गाउँसभाबाट वार्षिक बजेट तथा कार्यक्रम तय गर्दा निम्नानुसारका कार्यक्रमहरुलाई उच्च प्राथमिकतामा राखेको छु ।

- आर्थिक वर्ष २०७५/७६ को नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको भावना र मर्म, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट उपलब्ध गराइएको मार्गदर्शनका अतिरिक्त देहाय बमोजिमका आधारमा आयोजनाहरुको प्राथमिकीकरण गरिएको छ ।

- गाउँ क्षेत्रको आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान दिने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- ठुला क्रमागत आयोजनाको हकमा बढिमा तीन वर्षभित्र सम्पन्न गर्न सकिने,
- राजस्व परिचालन र आन्तरिक आय बृद्धिमा दिगो योगदान दिने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुग्ने,
- स्थानीय श्रोत, साधन, प्रविधिमा आधारित भई जनसहभागिता अभिबृद्धि गर्ने,
- लैगिंक समानता, सामाजिक समावेशीकरण, सामाजिक सद्भाव तथा भाईचारा अभिबृद्धि गर्ने,
- **प्राकृतिक श्रोत व्यवस्थापन, व्यावसायीक कृषी, पर्यटन र सहकारी समृद्ध गाउँपालिका निर्माणको लागि युवा स्वरोजगार वृद्धी गरी दीर्घकालीन आय आर्जन गर्ने,** दिगो विकास, वातावरण संरक्षण, विपद व्यवस्थापनमा सहयोग पुग्ने ।

गाउँ सभाका अध्यक्ष महोदय,

आयोजना प्राथमिकीकरणका आधारहरु यस प्रकार लिइएको छ ।

समग्र नीति तथा आधारहरु

३.११ केदारस्यूँ गाउँपालिका क्षेत्रलाई समृद्ध, सवल र सुन्दर गाउँ बनाउदै आत्म निर्भरताको दिशातर्फ उन्मुख बनाउन देहाय बमोजिमका समग्र नीति तथा आधारहरु पेश गरेको छु ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोकेका कार्य तथा जिम्मेवारी सम्पादन गर्न सघाउ पुऱ्याउने ।
- साविकमा नेपाल सरकारबाट संचालन हुदै आएको तर हाल स्थानीय तहले निरन्तरता दिनु पर्ने कायक्रमहरुलाई निरन्तरता दिने ।
- शिक्षा, स्वास्थ्य जस्ता आधारभुत सेवाहरु संचालन गर्ने कायक्रमहरुलाई गाउँपालिकाले अपनत्व हुने गरी प्रभावकारी रुपमा संचालन गरिने ।
- भौगोलिक, विषय क्षेत्रगत, समुदायगत र वातावरणीय सन्तुलन कायम गरी साधन स्रोतको वितरण गरिने ।
- आयोजना संख्या सिमित गरी ठूला तथा गाउँ गौरबका योजनाहरु संचालन गरी विकास योजनालाई उपलब्धीमुलक बनाउने । बडालाई बडाको जनसख्या, क्षेत्रफल र विकासको अवस्थाका आधारमा वडागत बजेट कार्यक्रम उपलब्ध गराइने ।
- आन्तरिक आय सरहको राजश्व बाँडफाँड र आन्तरिक आय बाट मात्र चालु खर्च व्यवस्थापन गर्ने ।
- स्थानीय तहले बहन गर्नु पर्ने अनिवार्य दायित्वका विषयहरुको व्यवस्थापन गर्ने ।
- लैगिक समानता तथा सामाजिक समावेशीकरणलाइ विकास योजनाका सबै चरणमा सहभागिता गराउने ।
- गाउँको विकासमा दातृ निकाय, गैर सरकारी संस्था र निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गरिने ।
- विकास निर्माण कार्यमा जनताको सहभागीता र अपनत्वको सुनिश्चितता गरिनेछ ।

क) आर्थिक क्षेत्र

- केदारस्यूँ गाउँपालिकामा हरियो सागसब्जीको व्यवसायिक उत्पादनको लागि तरकारी पकेट क्षेत्रको घोषणा गरी परम्परागत रुपमा गरी आएको कृषि कार्यमा आधुनिकीकरण, उन्नत बीउ विजन वितरण, अर्गानिक खेती प्रणालीको प्रयोग तथा यस क्षेत्रमा युवाको आकर्षण बढाई स्वरोजगारीको सृजना गर्ने नीति लिइनेछ ।
- साविकको प्रधानमन्त्री कृषी आधुनिकिरण कार्यक्रमको पकेट कार्यक्रम तथा ब्लक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सिंचाई सुविधाका उचित बन्दोबस्त मिलाउने, मौरीपालन, तरकारी, फलफुल तथा बीउबीजन वितरण गर्ने तथा खेती योग्य जमिनको माटो परीक्षण कार्यक्रम गरी हिउँदे तथा वर्षे फलफूल खेती (स्याउ तथा सुन्तला किवी खेती) प्रचारप्रसार गर्ने र उत्पादीत सामानहरुको बजार प्रवर्द्धन गर्दै कृषिमा थप लगानी गर्दै जाने नीति लिइनेछ ।
- केदारस्यूँ गाउँ क्षेत्रमा कृषि तथा पशुपालनलाई व्यवसायिकिकरण गर्नको लागि यस्ता क्षेत्रमा आवश्यक तालिम दिने तथा पशुपालनमा वृद्धि गर्न नश्ल सुधार, पशु स्वास्थ्य औषधी उपचार कार्यक्रमलाई निरन्तरता दिई गाउँपालिकाको तर्फबाट प्रोत्साहन स्वरुप थप अनुदान उपलब्ध गराउदै जाने नीति लिइनेछ ।
- आय वृद्धि सम्बन्धी अल्पकालीन र दीर्घकालीन योजना तर्जुमा गरी लागु गरिनेछ । व्यवसाय दर्ता प्रक्रियालाई सहज एवं सरल बनाइनेछ । प्रगतिशील कर प्रणाली लागू गरी प्रभावकारी कर संकलन गरिनेछ । गाउँवासीलाई कर तिर्नुपर्ने औचित्य पुष्टि गर्ने र कर तिर्नुको प्रतिफल पाएको अनुभूति दिने कार्यगत ब्यवस्था मिलाइनेछ ।
- धार्मिक, पौराणिक, ऐतिहासिक, मौलिक सम्पदा र संस्कृतिलाई जगेर्ना गरी अधिकतम् प्रयोग र प्रवर्द्धन गरी पर्यटन विकासका योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँवासीको स्वास्थ्यलाई ध्यानमा राखी चुरोट, खैनी, वियर जस्ता सुर्ती र मदिराजन्य सामग्रीको बिक्रीका लागि निश्चित स्थान र समय तोकिनेछ ।
- स्थानीय क्षेत्रमा उत्पादित सामग्री तथा उत्पादन विधिको प्रवर्द्धन तथा व्यवसायीकरण गरिनेछ । विभिन्न सीपमूलक तथा उद्यमशीलता विकास तालिमहरू सञ्चालन गरी रोजगारी सृजना गरिनेछ ।
- स्थानीय प्रशासन समेतको सहभागितमा गाउँपालिका बाट बजार अनुगमन कार्यको थालनी गरिनेछ ।

ख) सामाजिक क्षेत्र

- केदारस्यूँ गाउँ क्षेत्रलाई शैक्षिक गन्तव्यस्थलको रुपमा विकास गर्न रणनैतिक योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- केदारस्यूँ क्षेत्र भित्र विषयगत शाखाको रुपमा हस्तान्तरण भई आउने सामुदायिक विद्यालयहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने र शिक्षाको गुणस्तर बृद्धि गर्दै निजी क्षेत्रका शैक्षिक संस्थाहरुसँगको गुणस्तरमा समकक्षता हुने गरी सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याउनेछ ।
- मौलिक ज्ञान र सीपलाई अधिकतम उपयोग गरी आधुनिक बैज्ञानिक प्रविधिलाई जोडेर व्यवहारिक सिकाइद्वारा गुणस्तरीय शिक्षाको केन्द्र देखि विश्व विद्यालय शिक्षासम्म, व्यवसायिक शिक्षा देखि प्राविधिक शिक्षासम्मका शिक्षण संस्थाहरुसँग सहकार्य गरी शिक्षामा प्रत्येक गाउँवासीको पहुँच स्थापित गर्ने नीति लिइनेछ ।
- गाउँ क्षेत्र भित्र रहेका सामुदायिक विद्यालय मध्ये छनौट गरिएको उत्कृष्ट सामुदायिक विद्यालयमा वार्षिक रुपमा गाउँपालिकाको तर्फबाट आवश्यक सहयोग गर्दै गाउँ क्षेत्रकै उत्कृष्ट विद्यालयको रुपमा विकास गर्ने नीति लिइनेछ ।

- प्रत्येक बडालाई साक्षर वडा घोषणा गर्दै साक्षर गाउँपालिका घोषणा गरिनेछ ।
- गाउँपालिकाबाट आधुनिक सुविधायुक्त पुस्तकालय संचालन गर्ने कार्यलाई प्राथमिकतामा राखिएकोछ ।
- केदारस्यूँ गाउँपालिका संचालित विभिन्न स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा थप साधन स्रोत जुटाई सुव्यवस्थित रुपमा सञ्चालन गरी स्थानीय जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न उचित कदम चालिनेछ ।
- केदारस्यूँ क्षेत्रको प्रमुख स्वास्थ्य केन्द्रको रुपमा रहेको रायल प्राथमिक स्वास्थ्य केन्द्र, देउराको व्यवस्थित सेवा सञ्चालन गरी आम गाउँपालिकाको सुविधालाई ध्यानमा राखी सिफारिश गरी आउने केन्द्र (Refer Center) को रुपमा संस्थागत गरिदै लगिनेछ । प्रत्येक वडामा कम्तिमा एक वटा स्वास्थ्य संस्था राख्न विषयगत कार्यालयहरुसँग समन्वय गरी सञ्चालनमा ल्याइनेछ ।
- हाल संचालनमा रहेका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईहरुबाट गुणस्तरीय सेवा प्रवाह गर्न व्यवस्था मिलाइनेछ ।
- केदारस्यूँ भित्रका स्वास्थ्य संस्थाहरुसँग सहकार्यात्मक संस्कृतिको विकास गरी अत्याधुनिक स्वास्थ्य उपकरणको प्रयोग र सञ्चालनको रणनैतिक योजना तयार गरी प्रयोगमा ल्याउने ब्यवस्था मिलाइनेछ ।
- केदारस्यूँ गाउँपालिका अन्तर्गत कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहित गरिनेछ ।
- विषयगत कार्यालयको रुपमा स्वास्थ्य क्षेत्रबाट हस्तान्तरण भई आउने जनशक्ति, प्रविधि र बजेटलाई केदारस्यूँको आवश्यकता अनुसार गाउँ कार्यपालिकाको निर्णयानुसार परिचालन र ब्यवस्थापन गर्ने नीति लिइनेछ ।
- आम नागरिकको स्वास्थ्य सम्वन्धी मौलिक हकको कार्यान्वयनलाई संस्थागत गर्न नेपाल सरकारको स्वास्थ्य वीमा कार्यक्रमलाई सबै गाउँवासीमा पहुँच स्थापना गर्न गाउँपालिकाको तर्फबाट थप लगानी गर्ने नीति लिइनेछ ।
- खानेपानीको उचित भण्डारणको लागि खानेपानी ट्यांकी निर्माण गरी शुद्ध र स्वच्छ खानेपानी वितरणमा जोड दिइनेछ ।
- केदारस्यूँ गाउँ पालिका क्षेत्रको खानेपानी प्रणालीलाई प्राथमिकता दिई वितरण प्रणालीलाई सुधार गरिनेछ ।
- गाउँ क्षेत्रलाई सफा र स्वच्छ राख्न फोहोर व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ ।
- केदारस्यूँ क्षेत्र भित्र रहेका सार्वजनिक पर्ति जग्गाहरुमा कम क्षेत्रफलमा खेल्न मिल्ने खालका खेलहरु खेल्न र खेलाउन सक्ने गरी त्यस्ता क्षेत्रहरुको पहिचान गर्दै विकास गर्न गाउँपालिकाबाट संस्थागत लगानी गर्दै जाने नीति लिइनेछ ।
- केदारस्यूँ गाउँलाई नवीन सोंचका साथ मनोरञ्जन मैत्री केन्द्रको रुपमा विकास गर्न यस गाउँ क्षेत्रका खुला क्षेत्रहरु जस्तो केदार मन्दिर, देउरा त्रिवेणी धाम आदि आसपासका क्षेत्रहरुलाई सीमांकन गरी जग्गा विकास गर्दै जाने र यी क्षेत्रहरुमा स्थानीय जनताको स्वामित्व रहने गरी विविध प्रकृतिका उद्यानहरुको निर्माण गर्दै जाने नीति लिइनेछ ।
- गाउँ क्षेत्रमा बसोवास गर्ने पिछडिका वर्ग समुदाय, जेष्ठ नागरिक, असहाय अशक्त अपाङ्ग महिला तथा वालवालिकाको सशक्तिकरण र सामाजिक तथा आर्थिक समानुपातिक विकासका लागि लक्षित गरी बिशेष कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- गाउँका न्युन आय भएको ब्यक्तीहरुको लागि समुदायको सहभागितामा टोल विकास संस्थाहरु समेतको परिचालन गरी दिगो जिविकोपार्जनको सुनिश्चिताको लागि उद्यम विकास, प्रविधि हस्तान्तरण, स्वरोजगार, सीप विकास जस्ता लक्षित कार्यक्रम बनाई प्रभावकारी रुपमा संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- ऐतिहासिक धार्मिक, सांस्कृतिक तथा पर्यटकिय महत्वका स्थान, कला, संस्कृति, जात्रा, सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र विकासका लागि प्रोत्साहन दिने नीति लिइनेछ ।
- गरिब घरपरिवार पहिचान सर्वेक्षण, २०७० मा आधारित पीएमटी विधिद्वारा पहिचान भएका गरिब घरपरिवारको प्रकार सहित स्थानीय तहगत गरिब घर परिवारको अन्तिमसूची अनुसार परिचयपत्र वितरण कार्यलाई अगाडि बढाइनेछ ।

- गाउँ क्षेत्र भित्र गरिबी न्यूनिकरणका लागि विपन्न बस्तीहरुको पार्श्वचित्र (गरिबी प्रोफाईल) र रणनीतिका आधारमा आधारभूत पूर्वाधारको विकास, सीप विकास र लक्षित कार्यक्रमहरुको संचालनमा जोड दिईनेछ ।
- अल्पसंख्यक गरिव पिछडिएका जातजातिका बेरोजगार समुदायका व्यक्तिहरुलाई लक्षित आयमूलक, सीपमूलक तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

ग) पूर्वाधार क्षेत्र

- गाउँपालिका क्षेत्रको दिगो, व्यवस्थित र दीर्घकालीन आधारभुत पुर्वाधार विकासका लागि सडक निर्माणमा जोड दिईनेछ ।
- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न सिचाई कुलो निमार्ण तथा मर्मत सम्भारमा जोड दिईनेछ ।
- लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गरीने छ ।
- सौर्य उर्जा प्रविधि तथा बायोग्याँस प्रविधिको प्रयोगमा समेत जोड दिईने छ ।
- भवन बनाउँदा नक्सा पास गर्नुपर्ने प्रावधानलाई कडाईका साथ लागु गर्दै भवन संहिता लागु गरिने छ ।
- सडकहरुको स्तरोन्नती तथा मर्मत सम्भार हुने ब्यबस्था मिलाई बाह्रै महिना सडक , यातायात सञ्चालन गरीने छ ।
- साँस्कृतिक तथा सम्पदायुक्त घना बस्तीहरुको संरक्षण गरिनेछ । यस्ता बस्ती र नयाँ बस्तीहरूका लागि फरक फरक प्रकृतिका विकास योजना लागु गरिनेछ ।
- गाउँपालिकाको आफ्नै भवन निर्माणका लागि जग्गाको खोजी गर्दै गाउँपालिकाको आफ्नै भवन निर्माणकालागि प्रक्रिया अगाडि बढाईनेछ । भएका वडा कार्यालय भवनहरुको स्तरोन्नति र नभएका वडाहरुमा सुविधा सम्पन्न व्यवसायिक प्रकृतिका वहुउपयोगी वडा भवन निर्माण गरी गाउँपालिका वासीको सेवामा सरल र सहज पहुँच स्थापित गरिनेछ ।
- विद्यमान आवधिक योजनालाई समय सापेक्ष रुपमा परिमार्जन सहित समायोजन गर्दै यसै आ.व. देखि कार्यान्वयनमा लैजाने नीति लिइनेछ ।
- विगत देखि विभिन्न कारण घर निर्माण इजाजत नभएका तर घर निर्माण भई सकेको तथा निर्माण सम्पन्न प्रमाण पत्र लिन नसकिरहेकाहरुको हकमा सार्वजनिक सूचना मार्फत निवेदन आव्हान गरिनेछ । सो निवेदनमा निर्माण इजाजत पत्र, निर्माण सम्पन्न प्रमाण पत्र लिन नसकिएको प्रष्ट कैफियत र फोटो सहित निवेदन माग गरिनेछ । प्राप्त निवेदनहरु माथि एक कार्यटोली बनाई अध्ययन गरिनेछ र सोको आधारमा कानूनी दायरा भित्र रही इजाजत पत्र र निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- नक्शा पास नगरी वा गाउँपालिकाले पत्राचार गरी रोक्नका लागि दिइएको निर्देशनलाई अवज्ञा गरी निर्माण गरिएका घर, टहरा वा अन्य संरचनालाई निरुत्साहित गर्न गाउँपालिकाबाट प्रदान गरिने सबै सेवा सुविधाहरु रोक्का राखिनेछ । यस्ता नियम विपरितका संरचनालाई बेचविखनमा रोक हुनेगरी मालपोत कार्यालयमा रोक्का राख्न लेखी पठाउने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकाको निर्णयबाट घर नक्सापासका लागि रोक्का भएको क्षेत्रमा घर वाटो सिफारिश माग भई आएमा त्यस्ता कित्तामा गाउँ कार्यपालिकाबाट घर नक्सापास नहुने व्यहोरा स्पष्ट खुलाई घरवाटो सिफारिश गर्न सकिने नीति लिइनेछ ।

घ) वातावरण तथा विपद व्यवस्थापन

- सार्वजनिक तथा प्रतिजग्गा र भुक्षय भएका स्थानहरुमा स्थानीय जनता तथा नेपाली सेना सहितको सहकार्यमा वृक्षारोपण गर्ने तथा सो को संरक्षण गरिने छ ।

- गाउँ क्षेत्र भित्रका सार्वजनिक जग्गामा कुनै पनि बहानामा अन्य संघ संस्थाहरुलाई हस्तान्तरण र भोगाधिकार दिने कार्यलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।
- विपद जोखिम न्युनिकरणका उपायहरु अबलम्बन गरी पूर्वाधार निर्माणका कार्यहरु एकिकृत ढङ्गले अगाडी बढाईने छ ।
- वातावरण तथा सरसफाई कार्यक्रम संचालन गरी वातावरण तथा जलबायु परिवर्तनको बारेमा जनचेतना अभिबृद्धि गरिने छ ।
- भु–क्षय तथा जल उत्पन्न प्रकोप नियन्त्रण गर्न गाउँपालीकाले तार जाली उपलब्ध जनसहभागीतामा प्रकोप न्यूनीकरण गरिने छ ।
- विपद ब्यबस्थापनका लागि स्थानिय प्रशासन संग समन्वय गरी उद्दार , खोजी , राहत जस्ता कार्यलाई प्रभाबकारी बनाईने छ ।
- सामुदायिक बनमा उद्यम प्रबर्द्धन गरी आय आर्जन गर्ने निति लिईने छ ।

ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- गाउँपालिकाको उपलब्ध जनशक्तिलाई आवश्यक तालिम प्रशिक्षणको माध्यमबाट मानव संसाधन विकास एवं क्षमता अभिवृद्धि गरी कर्मचारीहरुलाई सेवामुखी एवं जवाफदेही पूर्ण वनाउदै जनतामा पुऱ्याउने सेवा प्रवाहलाई प्रभावकारी तुल्याउने प्रयास गरिनेछ । गाउँपालिकाको कार्यप्रकृति अनुसार आवश्यक पर्ने जनशक्ति नेपाल सरकारबाट प्राप्त गर्ने नीति लिइनेछ ।
- गाउँपालीकाका पदाधिकारी तथा कर्मचारीहरुलाई अध्ययन, अबलोकन भ्रमण तथा तालिम उपलब्ध गराई क्षमता विकास गरिने छ ।
- विशेष प्रकृति, आकस्मिक कार्य तथा कार्यप्रकृति अनुरुप जनशक्ति नपुग भएको अवस्थामा गाउँपालिकाले आफ्नो आन्तरिक श्रोतबाट ब्यवस्थापन गर्ने गरी निश्चित अवधिका लागि कार्यविवरण तोकि संझौता बमोजिम वाहिरबाट (Out Sourcing) काममा लगाउने नीति लिइनेछ ।
- सुशासन प्रबर्द्धन, पारदर्शिता तथा जबाफदेहिता बृद्धि गर्दै जनताले अपेक्षा गरे अनुरुपको सेवा प्रवाह गर्न सक्ने बनाउन समन्बय र सहकार्यलाई बिशेष प्राथामिकता दिईनेछ ।
- स्वदेशी विदेशी स्थित विभिन्न गाउँपालिकाहरुसँग भगिनी सम्वन्धस्थापित गर्न विशेष कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँ कार्यपालिकाको विद्यमान संगठन संरचना र दरवन्दीलाई निरन्तरता दिदैं आगामी दिनमा अनुभव र अध्ययनका आधारमा पुनरावलोकन गर्दै समयसापेक्ष र नतिजामुखी बनाउदै लगिनेछ ।
- गाउँ क्षेत्र भित्र रहेका सार्वजनिक सरकारी पर्ति जग्गाहरुको पहिचान, लगत संकलन र संरक्षण गर्न
- सेवा प्रवाहमा सरलताका लागि नागरिक बडा पत्र, सोधपुछ कक्षको ब्यबस्था र सुचना प्रविधिको प्रयोग द्धारा सेवा प्रवाहलाई थप प्रभाबकारी बनाईने छ । सामाजिक सुरक्षा भत्ता समयमा वितरण गरिने छ ।
- वित्तिय अनुशासन कायम राख्न पेश्कि दिने प्रावधानलाई नियन्त्रण गरिने छ । साथै समयमा योजना सम्झौता गरी जेठ मसान्त सम्म कार्य सम्पन्न गरी भुक्तानी लिने परिपाटीको विकास गरिने छ ।
- रु तीन लाख भन्दा बढिका आयोजनाहरुमा सुँचना पाटी राख्ने र गुणस्तरिय काम गर्ने गरीपाटीको विकास गरिने छ । त्यसको लागि योजना संचालन गर्ने उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण गरिनेछ ।
- गाउँपालीकाको कार्यालय तथा सबै वडा कार्यालयहरुको थप संस्थागत क्षमता विकास गरिने छ ।

- अन्तर निकाय समन्वय बैठकहरु आयोजना गरी सबै पक्षको विकासमा सबै पक्षहरुको सहयोग परिचालन गरिने छ ।
- न्यायिक समितिलाई क्रियाशिल बनाई मेलमिलापको माद्यमबाट जनतालाई छिटो, छरितो तथा सर्बसुलब रुपमा न्याय पाउने ब्यबस्था मिलाईने छ ।
- केदारस्यूँ गाउँपालिका भित्रका नेपाल सरकारको सुरक्षा निकायहरुसँग गाउँपालिकाको तर्फबाट समन्वयात्मक कार्य गरी गाउँ क्षेत्रको शान्ति सुव्यवस्थालाई प्रभावकारी बनाइने नीति लिइनेछ ।

च) अन्य

वित्तीय व्यवस्थापन तथा श्रोत परिचालन सम्वन्धी नीति :

- वित्तीय व्यवस्थापन तथा श्रोत परिचालन- गाउँ विकासको प्रमुख आधारलाई मूलमन्त्रको रुपमा लिई आन्तरिक श्रोत वृद्धि गर्ने तर्फ राजस्व असुलीका लागि गाउँपालिकाबाट टोली परिचालन गरिने छ । साथै वित्तीय व्यवस्थापनको अनुगमन तथा सुपरिवेक्षण कार्यलाई एक कार्यदल बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- एकीकृत्त सम्पत्ति करलाई कार्यान्वयनमा ल्याउन अध्ययन कार्यदलबाट एक प्रतिवेदन लिइनेछ । एकीकृत सम्पत्ति कर कार्यान्वयनमा ल्याउनुभन्दा अगाडि सभामा पेश भएको आर्थिक ऐन बमोजिम राजस्व संकलन गर्ने ब्यवस्था मिलाइनेछ ।
- प्रचलिन कानून अनुसार निर्धारण भएको कर रकम असुलीलाई विशेष प्राथमिकतामा राखी कार्यान्वयनमा ल्याइनेछ । वक्यौता कर असुलीका लागि एक कार्यदल गठन गरिनेछ । वक्यौता कर असुली गर्न सूचना गर्दा गर्दै अटेर गरी थप बक्यौता राख्ने करदाताको चल अचल सम्पत्ति रोक्का सम्म राख्ने नीति लिइनेछ ।
- उपभोक्ता समितिबाट कार्य गर्ने भनी गाउँपालिका समक्ष भएको संझौताको विपरीत यस्तो कार्य ठेकेदार वा तेश्रो पक्ष मार्फत गराएको भन्ने देखिएमा त्यस्ता उपभोक्ता समितिबाट भएको कार्यको भुक्तानी रोक्का राखी संझौता स्वतः रद्द हुनेछ । उपभोक्ता समितिको सञ्चालन तथा ब्यवस्थापन सम्वन्धी विद्यमान कार्यविधिमा समसामयिक सुधार गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गरी लागु गरिनेछ ।
- स्थानीय उपभोक्ता समितिबाट लागत सहभागितामा गाउँ पूर्वाधार विकासका लागि अनुरोध भई आएमा सबैभन्दा वढि लागत सहभागिता गर्ने उपभोक्ता समितिको प्रस्तावलाई प्राथमिकतामा राखी कार्य गर्ने नीति लिइनेछ । यसको लागि एक मुष्ठ रकम विनियोजन गरिएको छ ।

आर्थिक अनुशासन, मितव्ययिता तथा पारदर्शिता सम्बन्धी नीति :

- गाउँपालिकाबाट योजना सञ्चालन गर्दा सकेसम्म योजनामा पेश्की नदिई रनिङ्ग विलको आधारमा कामको भुक्तानी दिने परिपाटीलाई निरन्तरता दिईनेछ । साथै पहिलेको पेश्की फछ्र्यौट गरी पुनः सोही पक्षलाई अर्को पेश्की नदिईने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाबाट सञ्चालित भौतिक पूर्वाधार विकास सम्बन्धी योजनाहरुको कार्य सम्पन्न भए पश्चात अन्तिम भुक्तानी दिनु अघि अनिवार्य रुपमा सार्वजनिक परीक्षण/सार्वजनिक परीक्षण गर्न लगाई सोको प्रतिवेदन प्राप्त भएपछि मात्र अन्तिम भुक्तानी दिने तथा योजना जाँचपास फरफारक गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- आर्थिक वर्षको अन्त्यमा आएर आयोजना स्वीकृत गरी कार्यान्वयन गर्ने प्रथाको अन्त्य गरिनेछ । आर्थिक वर्ष २०७५।७६ मा वैशाख महिना देखि स्वीकृत आयोजना समेत कार्यान्वयन गर्ने गरी संझौता गरिने छैन ।

- आर्थिक वर्ष २०७५।७६ उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनामा उपभोक्ता समितिको गठन, योजना संझौता गर्दा सम्वन्धित वडाको सिफारिसमा र यस्ता योजनाको अन्तिम किस्ता भुक्तानी गर्दा सम्वन्धित वडाको सिफारिश, योजना सम्पन्नको फोटो, प्राविधिक मूल्यांकन चाहिने व्यवस्थालाई कडाइका साथ पालना गर्ने नीति लिइनेछ ।

गाउँ सभाका अध्यक्ष महोदय,

मुख्य मुख्य आयोजना तथा क्रियाकलापहरु

३.१२ स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिम वार्षिक योजना तथा बजेटका प्राथमिकताहरुलाई ध्यानमा राखी क्षेत्रगत रुपमा आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास तर्फ वडास्तरमा समेत योजना छनौटको लागि करिब हरेक वडामा रु एक (१) करोड रकम वरावरको योजना तथा कार्यक्रम सञ्चालन हुन सक्ने व्यवस्था मिलाइएको छ । साथै वितीय समानिकरणको बाँकी रकम गाउँपालिकाले मुख्यमुख्य आयोजना तथा क्रियाकलापहरुमा खर्च गर्ने व्यवस्था मिलाईएको छ ।

यस गाउँपालिका अन्तर्गत पर्ने शाखा सडक तर्फ क्रमागत रुपमा संचालन हुँदै आएको बुंगल नगरपालिका देखी भामचौर पातिहाल्न सडक निर्माण, बागथला-बखेत- भाटसैन पातिहाल्न, बागथला-सुडांदा-थापागाउँ-भामचौर पातिहाल्न, देउरा-जुप-मैतोली डाफ्रु-केदार पर्यटकीय सडक, ढोडेखेत-गण्डकी-दहसैन केदार पर्यटकीय सडक निर्माण, देउरा खानेपानी व्यवस्थापन, जुप खानेपानी निर्माण कार्य, ठूलीवान सिंचाई कुलो र डाफ्रु भाडिकोट सिंचाई कुलो, लघु जलविधुत तर्फ क्रमागत रुपमा संचालन हुँदै आएको कालंगा लघु जलविधुत, गण्डकी लघु जलविधुत, कालापानी लघु जलविधुत, दोगडा लघु जलविधुत आदि यस आर्थिक वर्षका मुख्य मुख्य आयोजनाहरु रहेका छन् । त्यस्तै अन्य पूर्वाधार विकासका कार्यक्रमहरु पनि आ.व. २०७५।७६ को कार्यक्रमहरुमा समावेश गरिएको छ ।

वडागत रुपमा विनियोजन भएको बजेटका अतिरिक्त लक्षित वर्ग, महिला, वालवालिका, परम्परागत कला सस्कृतिको संरक्षण, सम्वर्द्धन, शिक्षा, स्वास्थ्य, सरसफाई, सामुदायिक मेलमिलाप, सचेतनामूलक कार्यक्रमका लागि कार्यक्रम सहित छुट्टै बजेट विनियोजन सहित कार्यक्रमहरु प्रस्ताव गरिएकोछ । गाउँपालिकाबाट सञ्चालन र व्यवस्थापन हुने हरेक योजना तथा कार्यक्रमको गुणस्तरीयता, दिगोपना कायम गर्दै सदाचार पद्धतिको स्थापना गरी भ्रष्टाचार न्यूनीकरणलाई संस्थागत रुपमा सम्वोधन गर्न गाउँपालिकाले उच्च प्राथमिकतामा राखी यस्ता क्षेत्रहरुको सुधार योजनाका लागि समेत कार्यक्रम सहित बजेटको प्रस्ताव गरिएको छ । यस गाउँपालिकाबाट सञ्चालन तथा व्यवस्थापन हुने हरेक आयोजाना तथा कार्यक्रममा नक्सा, डिजाइन र लागत अनुमानको आधारमा कार्यगत संझौता गरी मात्र कार्यको थालनी गर्ने र सम्पन्न कार्यको आधारमा भुक्तानी दिने प्रणालीलाई संस्थागत गरिदै लगिनेछ ।

गाउँ सभाका अध्यक्ष महोदय,

अनुमानित व्यय र श्रोत ब्यवस्थापन तर्फ

अव म, माथिको गाउँपालिकाको सोंच, लक्ष्य, उद्देश्य, अपेक्षित उपलब्धी, क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वनका लागि बजेट विनियोजन र श्रोतको ब्यवस्थाको योजना प्रस्तुत गर्दछु :

३.१३ आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये आर्थिक वर्ष २०७५/७६ को लागि केन्द्र र प्रदेश सरकारबाट अनुदान स्वरुप प्राप्त हुन आएको अनुमानित रु ३६ करोड ९६ लाख ३७ हजार रकम अनुदान प्राप्त भएकोमा सशर्त तर्फ प्राप्त रु १७ करोड ७० लाख रुपैयाँ, वितीय समानीकरण अनुदान अन्तर्गत केन्द्रमा १२ करोड १४ लाख र प्रदेश सरकारबाट प्राप्त ६४ लाख ५७ हजार गरी वितीय समानीकरणमा रु १२ करोड ७८ लाख ५७ हजार रुपैयाँ गाउँपालिकाको विभिन्न क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनमा विनियोजन गरिएको छ । राजश्व बाँडफाँड अन्तर्गत केन्द्र सरकारको तर्फबाट रु. ६ करोड ३० लाख ९८ हजार, प्रदेश सरकारबाट रु.१६ लाख ८२ हजार र आन्तरिक आयबाट प्राप्त हुने अनुमानित रु. २० लाख रकम चालू र पूँजीगत प्रकृतिको खर्चमा बाँडफाँड गरिएको छ ।

सशर्त अनुदान तर्फ प्राप्त रु १७ करोड ७० लाख रुपैयाँ मध्य उर्जा तर्फ १४ लाख ६५ हजार, कृषि र पशु तर्फ तर्फ १८ लाख ५५ हजार, वन तथा वातावरण तर्फ तर्फ ३ लाख ६३ हजार, शिक्षा तर्फ १४ करोड ३ लाख ६० हजार, आयूर्वेद तर्फ २४ लाख ६८ हजार, स्वास्थ्य तर्फ २ करोड ३८ लाख ८१ हजार, महिला विकास तर्फ ८ लाख ८ हजार ग्रामिण सामूदायिक पूर्वाधार विकास कार्यक्रम तर्फ ५७ लाख, ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना तर्फ १ लाख रुपैयाँ केन्द्रीय सरकारबाट विनियोजन गरिएको छ । आ.व.२०७४।७५ मा खर्च नभई बाँकी रहेको रकम संचित कोषमा फिर्ता गरी प्रचलित कानुन अनुसार खर्च गरिने व्यवस्था मिलाईएको छ ।

३.१४ केन्द्र तथा प्रादेशिक सरकार तथा अन्य दातृ संस्थाबाट बजेट प्राप्त हुन आएमा योजना तथा कार्यक्रमलाई विषयगत शाखाको प्रस्ताव बमोजिम गाउँकार्यपालिकाको वैठकबाट स्वीकृत गरी लागुगर्ने व्यवस्था मिलाइएको छ ।

३.१५ वित्तिय समानिकरण अनुदानमा प्राप्त हुन आएको रकमलाई अनुसूचीमा उल्लेखति विभिन्न योजना तथा कार्यक्रमहरुमा बाँडफाँड गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ ।

३.१६ निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको सेवा, सुविधा, भत्ता, दैनिक भ्रमण भत्ता अन्य शिर्षकमा हुने खर्चहरु अनुसूचीमा संलग्न मापदण्ड बमोजिम गाउँपालिकाको चालू खर्चबाट खर्च लेख्ने व्यवस्था मिलाइएको छ ।

आर्थिक ऐन र विनियोजन ऐन

३.१७ गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यबस्था गर्न नेपालको सविधानको धारा २२८ को उपधारा (२) बमोजिम केदारस्यूँ गाउँपालिकाको गाउँ सभा समक्ष आर्थिक ऐनको मस्यौदा र सोको अनुसूचीहरु स्वीकृतिका लागि पेश गरेको छु ।

३.१८ केदारस्यूँ गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम केदारस्यूँ गाउँपालिकाको गाउँ सभा समक्ष विनियोजन ऐनको मस्यौदा र सोको अनुसूची स्वीकृतिका लागि पेश गरेको छु ।

गाउँ सभाका अध्यक्ष महोदय,

३.१९ केदारस्यूँ गाउँपालिकाको दोस्रो गाउँसभासम्म गाउँपालिकाको सञ्चालन र व्यवस्थापनका लागि भएका निर्णयहरु, विनियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, सहिंता, संगठन संरचना तथा दरवन्दीमा समेत थप परिमार्जन वा संशोधन वा सुधार वा खारेजी नभएसम्मका लागि सोही बमोजिम कार्यान्वयनमा लैजाने प्रस्ताव स्वीकृतिका लागि पेश गरेको छु ।

३.२०. आर्थिक वर्ष २०७५/७६ को नीति, बजेट तथा कार्यक्रमको अभिन्न अंगको रुपमा रहेको आय ब्ययको विवरण, राजस्व तथा अनुदान प्राप्तिको अनुमान, व्यय अनुमान, वित्तीय ब्यवस्था अनुमान, कार्यक्षेत्रगत ब्यय अनुमान, वार्षिक विकास कार्यक्रम, सशर्त अनुदानको कार्यक्रम, वार्षिक कार्यक्रम कार्यान्वयन योजनालाई अनुसूचीमा राखी पेश गरेको छु ।

३.२१ यो नीति, बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने गाउँपालिकाका अध्यक्ष ईन्द्र बहादुर भडारीज्यू, वडाध्यक्षज्यूहरु लगायत वडा समितिहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, प्रमुख प्रशासकीय अधिकृत लगायत राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका साथीहरु, नागरिक समाज, बुद्धिजीवि, पत्रकार, सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु लगायत सम्पूर्ण केदारस्युँ गाउँपालिका निवासी जनता साथै देश विदेशमा रहनु भएका नेपाली दिदीबहिनी, दाजुभाइहरु सबै प्रति आभार प्रकट गर्दै सफल कार्यान्वयनमा सबैको पूर्ण सहयोग पाउने विश्वास गर्दछु ।

३.२२ अन्त्यमा, समस्याहरु धेरै छन्, बजेटको सिमा भित्र रहेर प्राथमिकताका आधारमा योजनाहरु छनौट गर्नु भएकोले सबैको एकैपटक समाधान सम्भव छैन र परिवर्तन क्रमिक विकासले मात्रै संभव हुन्छ । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । उज्वल भविष्यको निर्माण गर्दै यस गाउँपालिकालाई सम्मुनत बनाउनको लागि आशावादी बनौं बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद !

निशा धामी

उपाध्यक्ष तथा संयोजक, एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समिति

केदारस्यूँ गाउँपालिका,

बझांग, ७ नं. प्रदेश, नेपाल